# दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ८ २०८१ कार्तिक ७


दुल्लू नगरपालिका,नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग २

नगरस्तरीय खेलकुद विकास समिति (गठन, सञ्चालन र व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना : दुल्लू नगरपालिकाको खेलकुद विकास, प्रवर्धन र संरक्षणको लागि खेलकुदका माध्यमबाट शारीरिक, मानसिक, संवेगात्मक विकास गरी सामाजिक सदभाव एवं सहिष्णुतालाई उजागर गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (क) बमोजिम दुल्लू नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "नगरस्तरीय खेलकुद विकास समिति (गठन, सञ्चालन र व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त आरम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "उपप्रमुख" भन्नाले दुल्लू नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(ख) "कार्यविधि" भन्नाले दुल्लू नगरपालिकाको **नगरस्तरीय खेलकुद विकास समिति (गठन, सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१** लाई सम्झनुपर्छ ।

(ग) "खेलाडी" भन्नाले टिम, क्लब, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तराष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनुपर्छ ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ङ) “समिति” भन्नाले यस कार्यविधिको दफा (३) बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्छ ।

(च) “नगरपालिका” भन्नाले दुल्लू नगरपालिकालाई सम्झनुपर्छ ।

(छ) “प्रमुख” भन्नाले दुल्लू नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले दुल्लू नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(झ) “प्रशिक्षक’ दुल्लू नगरपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लब, संघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक सम्झनुपर्छ ।

(ञ) “प्रशिक्षार्थी” भन्नाले दुल्लू नगरपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघ संस्थामा सम्बद्ध सिकारू खेलाडी सम्झनुपर्छ ।

(ट) “प्रोत्साहन” भन्नाले खेलाडीलाई दिइने उपहार, अनुदान, सम्मान, प्रशंसा-पत्र, पुरस्कारलाई सम्झनुपर्छ ।

(ठ) “सदस्य” भन्नाले नगर खेलकुद विकास समितिका सदस्य सम्झनुपर्छ ।

(ड) “सदस्य सचिव” भन्नाले शिक्षा, युवा तथा खेलकुदा शाखा प्रमुख वा सो काम गर्न निजले तोकेको व्यक्तिलाई सम्झनुपर्छ ।

(ढ) “संयोजक” नगर खेलकुद विकास समितिको संयोजकलाई सम्झनुपर्छ ।

(ण) “शिक्षा, युवा तथा खेलकुद शाखा” भन्नाले दुल्लू नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

## परिच्छेद – २

## नगर खेलकुद विकास समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. नगर खेलकुद विकास समितिको गठन :

(१) खेलकुदको विकास गर्नको लागि दुल्लू नगरपालिकामा देहायबमोजिमको नगर खेलकुद विकास समितिको गठन हुनेछ :-

(क) प्रमुख वा प्रमुखले तोकेको व्यक्ति - संयोजक

(ख) विभिन्न खेलकुद विधाका विज्ञहरूमध्येबाट प्रमुखले मनोनिति गरेको ३ जना, - सदस्य

(ग) नगर, जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीहरूमध्येबाट कार्यपालिकाले तोकेका कम्तिमा १ जना महिला सहित ३ जना, - सदस्य

(घ) नगरस्तरका खेलकुद सम्बन्धी संस्था तथा क्लबहरूमध्येबाट संयोजकले मनोनित गरेका २ जना, - सदस्य

(ङ) सामुदायिक तथा संस्थागत विद्यालयका खेलकुद शिक्षक मध्येबाट प्रमुखद्वारा मनोनित २ जना, - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी १ जना - सदस्य

(छ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमखु वा निजले सो काम गर्न तोकेको कर्मचारी – सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको समितिका पदाधिकारहरूको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ ।पदावधि समप्त भएपछि निजहरूको पुन: मनोनयन हुन सक्नेछन तर स्थानीय तहको निर्वाचन भए पश्चात निजहरूको पदावधि स्वत: समाप्त हुनेछ ।

(३) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ३ को प्रक्रिया बमोजिम पदपूर्ति गरिनेछ ।

(४) कुनै कारणले संयोजकले राजीनामा दिन चाहेमा प्रमुख समक्ष र सदस्यले संयोजक समक्ष राजीनामा दिनुपर्नेछ ।

(५) समितिको कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको दुई तिहाइ बहुमतिको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत फिर्ता बोलाउन सक्नेछ। हटाउनुपूर्व सम्बन्धित सदस्यलाई एकपटक सफाई दिने मौका दिइनेछ ।

(६) पदावधि बाँकी हुँदै कुनै कारणबाट पद रिक्त भएमा जुन प्रक्रियाबाट नियुक्ति भएको हो सोही बमोजिम पदपूर्ति हुनेछ ।

(७) समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रूपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार :

(१) नगर खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् ।

(क) नगरस्तरीय खेल तालिका तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत गराउने ।

(ख) स्थानीयस्तरका खेलकुदको लागि योजना निर्माण, सञ्चालन तथा विकास गर्ने ।

(ग) नगरस्तरीय खेलकुद प्रतियोगिताहरूको आयोजना, सञ्चालन तथा व्यवस्थापन गर्ने।

(घ) शिक्षण संस्थाहरूमा खेलकुद सम्बन्धि आवश्यकता अनुसार पाठ्यक्रम बनाउन सहजिकरण गर्ने, प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने गराउने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

(ङ) स्थानीय तह, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरमा आयोजना हुने विभिन्न खेल प्रतियोगिता वा प्रशिक्षणमा भाग लिन खेलाडी, प्रशिक्षक वा समितिका सदस्यहरूलाई पठाउनका लागि नगरपालिका समक्ष सिफारिस गर्ने ।

(च) नगरपालिकालाई खेलकुदको दिगो विकास सम्बन्धमा राय सल्लाह एवं सुझाव दिने।

(छ) खेलकुदको विकासको लागि नगर तथा वडाको खेलकुद मैदानको संरक्षण तथा रेखदेख गर्ने

(ज) खेलाडीहरूको स्तरवृद्धि गर्न स्रोत व्यवस्थापन गर्ने तथा आवश्यकता अनुसार प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

(झ) नगर भित्रका खेलाडीहरूलाई प्रोत्साहनका लागि छात्रवृत्ति प्रदान गर्न सिफारिश गर्ने

(ञ) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रूपमा अशक्त हुन पुगेका फरक क्षमताका व्यक्तिहरूका लागि विभिन्न तालिम तथा प्रतियोगितामा प्रतिनिधिमूलक सहभागिता गराउने ।

५. संयोजकको काम कर्तव्य र अधिकार

(क) समितिको बैठकको अध्यक्षता गर्ने,

(ख) समितिको बैठकको मिति, समय र स्थान तोक्ने,

(ग) बैठकको कार्यसूची तय गर्ने,

(घ) समितिसँग सम्बन्धित विषयमा अन्तर विषयगत समिति र अन्तर निकायगत समन्वय गर्ने,

(ङ) सदस्यहरूको जिम्मेवारी बाँडफाँट गर्ने,

(च) खेलसँग सम्बन्धित विषयहरूमा सहभागिता, प्रशिक्षणमा खेलाडी, टिम, क्लबलाई सिफारिस गर्ने ।

६. सदस्यको काम कर्तव्य र अधिकार

(क) समितिको बैठकमा उपस्थित भई आफ्नो राय सुझाव र धारणा राख्ने,

(ख) आफूलाई तोकिएको कार्यजिम्मेवारी निर्वाह गर्ने,

(ग) समिति वा संयोजकले तोकेका अन्य कार्य गर्ने,

७. सदस्यहरूको काम कार्तव्य र अधिकार

(क) समितिको सचिव भई काम गर्ने,

(ख) संयोजकको निर्देशन अनुरूप बैठकको कार्यसूची तथा प्रस्ताव तयार गरी सदस्यहरूलाई सूचना गर्ने,

(ग) सम्बन्धित विषयहरूमा आवश्यक सूचना तथा तथ्याङ्क संकलन, विश्लेषण गरी समितिको बैठकमा पेस गर्ने,

(घ) समितिको समग्र कार्यको प्रभावकारिताका लागि कार्ययोजना तर्जुमा गर्ने र कर्यान्वयनको निमित्त प्रस्ताव तयार गरी समितिमा पेस गर्ने,

(ङ) समितिको कार्यसम्पादन प्रतिवेदन तयार गरी बैठकमा पेस गर्ने,

(च) समितिको काम कारबाही तथा बैठकका निर्णयसँग सम्बन्धित विषयको अभिलेख राख्ने,

(छ) समितिको निर्णय कार्यन्वयन गर्ने गराउने,

(ज) समिति वा संयोजकले तोकेका अन्य कार्य गर्ने।

८. सदस्यको अयोग्यता :

(क) गैर नेपाली नागरिक,

(ख) कार्यरत वैतनिक कर्मचारी,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा आदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(घ) मगज बिग्रेको

(ङ) पदेन सदस्य बाहेक अन्य सदस्य २१ वर्ष उमेर पूरा भएको।

९. सदस्यता समाप्त हुने अवस्था :

(क) सदस्यले राजीनामा गरेमा,

(ख) सदस्यको मृत्यु भएमा,

(ग) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन वटा बैठकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

१०. नगर खेलकुद विकास समिति अन्तर्गत रहेन गरी प्रत्येक वडामा देहायबमोजिमको खेलकुद समिति गठन गरिनेछ ।त्यस्तो समिति गठन गर्दा समावेशितालाई पनि ध्यान दिनुपर्नेछ।

(क) वडा अध्यक्ष वा निजले सो काम गर्न तोकेको व्यक्ति - संयोजक

(ख) वडा समितिले मनोनयन गरेको खेलकुद क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको सम्बन्धित वडाको व्यक्ति एकजना -सदस्य

(ग) वडा सदस्य मध्येबाट वडा समितिले मनोनय गरेको १ जना -सदस्य

(घ) वडा खेलकुद समितिको सिफारिसमा वडा समितिले मनोनय गरेको विभिन्न खेलकुद विधासांग सम्बन्धित २ महिला सहित ३ जना सदस्य

(ङ) वडा सचिव – सदस्य सचिव

## परिच्छेद – ३

११. समितिको बैठक र निर्णय:

१. संयोजकको निर्देशन अनुसार सदस्य सचिवले बैठक बोलाउने छ ।

२. समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा संयोजकले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

३. समितिको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

४. समितिको बैठक प्रत्येक दुई महिनामा १ पटक बस्नुपर्नेछ ।

५. बैठकमा उपस्थित सदस्यको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

६. बैठकको निर्णय पुस्तिका सदस्य सचिवले राख्नेछ ।

१२. समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने

१. समितिले खेलकुद सम्बन्धि सूचिकृत भएका संस्थालई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

२. उपदफा १ बमोजिम समितिले दिएको निर्देशनको पालना नगर्ने, तोकिएको ढाँचामा आम्दानी खर्चको हिसाब नराख्ने, आर्थिक हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थालाई समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

३. उपदपा २ बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

१३. कार्यक्रम तथा बजेट : खेलकुद विकासका लागि नगरपालिकाले आवश्यक बजेट वार्षिक योजनामा समावेश गर्नु पर्नेछ ।

## परिच्छेद – ४
## खेलकुद प्रतियोगिता व्यवस्थापन

१४. समिति आफैले वा नगरपालिकामा दर्ता भएका टिम, क्लबहरू मार्फत् विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न वा गराउन सक्नेछ ।

१५. समिति आफैले वा नगरपालिकामा दर्ता भएका टिम, क्लबहरू मार्फत् स्थानीय, पर्देश, राष्ट्रिय र अन्तर्राष्ट्रिय टीमसँग मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्न वा गराउन सक्नेछ ।

१६. राष्ट्रपति रनिङ्ग शिल्डका प्रतियोगिताका लागि विद्यालयहरूमा खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन गर्न सहयोग गर्ने ।

१७. नगरपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन गर्ने ।

१८. जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना गर्ने ।

१९. राष्ट्रपति रनिङ्ग शिल्डका जिल्ला, प्रदेश र राष्ट्रियस्तरमा आयोजना हुने प्रतियोगिताका लागि आवश्यक तयारी गर्ने एवं सहभागिता जनाउने ।

## परिच्छेद- ५

## नगरपालिका भित्रका खेलकुद टिम, क्लब र संघसंस्थाहरूको दर्ता तथा व्यवस्थापन

२०. नगरपालिका भित्रका खेलकुद टीम, क्लब र संघसंस्थाहरूले समितिको उद्देश्य, नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न समितिले तोकोको दस्तुर बुझाई दर्ता गर्नुपर्नेछ ।

२१. दर्ता भएका टीम, क्लबले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी समितिबाट स्वीकृति लिनुपर्नेछ ।

२२. दर्ता भएका टीम, क्लबले र संघ संस्थाले प्रत्येक आर्थिक वर्षको पहिलो महिना नविकरण गर्न सक्नेछन । यसरी नविकरण नभएका टीम, क्लब, संघ र संस्था खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न र भाग लिन पाउने छैन ।

## परिच्छेद- ६

## खेलकुद विकास कोषको व्यवस्था

२३. खेलकुद विकास सम्बन्धि तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि नगरपालिकामा खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

२४. अनुदान रकम माग गर्ने: नगर खेलकुद विकास समितिले आगामी आर्थिक वर्षमा खेलकुद गतिविधि सञ्चालन गर्नका लागि आवश्यक पर्ने अनुदान रकम जेठ मसान्तसम्म कार्यपालिका समक्ष माग गरी पठाउनु पर्नेछ ।

२५. खेलकुद विकास कोषमा रहेन रकम:

(क)नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख)कर्णाली प्रदेश वा अन्य प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) दुल्लू नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) जिल्ला खेलकुद विकास समितिबाट प्राप्त अनुदान रकम,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान रकम,

(च) खेलप्रेमी, व्यवसायी एवं समाजसेवीबाट प्राप्त रकम

२६. यस कोषको सञ्चालन संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ। कोषको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ ।

२७. कोषको रकमा समितिको निर्णयानुसार खर्च गरिनेछ तर नेपाल सरकार, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र नगर कार्यपालिकाबाट प्राप्त अनुदान जुन शीर्षकमा आएको हो सोही शीर्षकमा खर्च गर्नु पर्नेछ ।

२८. कोषको रकम खेलकुद गतिविधि सञ्चालनका अतिरिक्त खेलकुद पूर्वाधार निर्माण, मर्मत सम्मभार तथा सामग्री व्यवस्थापनमा समेत खर्च गर्न सकिनेछ ।

२९. कोषको आय व्ययको लेखा बील भरपाई लगायत आवश्यक कागजात राख्ने काम रकम खर्च गर्न अधिकार प्राप्त अधिकारीको हुनेछ ।

## परिच्छेद- ५
## विविध

३०. प्रतिवेदन: समितिले वार्षिक प्रगति प्रतिवेदन तयार नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

३१. प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा उल्लेख गरिए बाहेकका विषयहरूको हकमा नेपाल सरकार कर्णाली प्रदेश सरकार तथा नगरपालिकाको प्रचलित कानून बमोजिम हुनेछ ।

३२. खारेज: दुल्लू नगरपालिकाको नगर खेलकुद सञ्चालन कार्यविधि, २०७७ खारेज गरिएको छ ।

३३. बचाउ: दुल्लू नगरपालिकाको नगर खेलकुद सञ्चालन कार्यविधि २०७७ बमोजिम भएका कामहरू यसै कानून बमोजिम भएको मानिनेछ ।

३४. संशोधन गर्न सकिने : यो कार्यवधि तथा यसका कुने दफामा कुनै संशोधन गर्नु पर्मा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

३५. बाधा अड्काउ फुकाउ : यस कार्यविधिको कार्यान्वयनमा कुनै अन्यौलता उत्पन्न भएमा बाता अड्काउ फुकाउको अधिकार नगर कार्यपालिकामा रहनेछ ।

३६. स्वत: खारेज हुने : यो कार्यविधि तथा यसका कुनै दफा नेपालको संविधान र प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: खारेज भएको मानिने छ ।

....................

आज्ञाले

तिलक वि.क

प्रमुख प्रशासकिय अधिकृत

प्रमाणिकरण मितिः२०८१।०७।०७